अनुसूची २

(बुँदा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)

# दुहवी नगरपालिकाको कार्यालय

दुहवी, सुनसरी

## प्राविधिक सेवा पदका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०७८।०६।२०**

यस दुहवी नगरपालिका दुहवी नगर आधारभुत अस्पतालमा रहने गरी स्वास्थ्य सेवाका प्राविधिक पदमा कर्मचारीहरु करारमा राख्नु पर्ने भएकोले मिति २०७८।०६।१७ गतेको प्राविधिक कर्मचारी व्यवस्थापन गर्न अन्तवार्ता तथा सूचिकरण समितिको निर्णय अनुसार तपसिलको आवश्यक पदमा खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्तिका लागि आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसूर नलागेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र दिनको ३:०० वजे सम्म राजस्व तिरेको रसिद र आवश्यक कागजात सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. विज्ञापन नं. र पद संख्या

| सि. न. | विज्ञापन नं. | पद | तह | सेवा /समुह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७८/७९ | ल्याव टेक्निसियन | सहायक पाँचौ | स्वास्थ्य /मे.ल्या.टे. | १ | हेल्थल्यावमा प्रविणता प्रमाणपत्र तह वा सो सरह |
| २ | ०२/०७८/७९ | रेडियो ग्राफर | सहायक पाँचौ | स्वास्थ्य /रेडियो ग्राफी | १ | रेडियो ग्राफीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह |

२. सेवाको किसिम : करार सेवा

३. दुहवी नगरपालिकाले तोकेको दरखास्त फारममा भर्नुपर्ने ।

४. पासपोर्ट साइजको फोटो ३ प्रति

५. पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क) नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ कपी

ख) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी

ग) पेशा संग सम्वन्धित व्यवसायी परिषद दर्ता प्रमाण पत्रको प्रतिलिपी

घ) स्थायी ठेगाना खुल्ने प्रमाण पत्रको प्रतिलिपी

ङ) कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी

६.आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :

क) ल्याव टेक्निसियनको लागि : हेल्थल्याव प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको।

ख) रेडियो ग्राफरको लागि : रेडियो ग्राफीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको।

७. तलब सुविधा तथा अन्य सेवा शर्त : यस कार्यालय सँग भएको सम्झौता अनुसार ।

८. उम्मेदवारको उमेर : दरखास्त दिने अन्तिम मिति सम्ममा पुरुष १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको महिला १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

९. उम्मेदवारको छनौट विधि : लिखित र प्रत्यक्ष अन्तरवार्ता ।

१०. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : दुहवी नगरपालिकाको कार्यालयमा ।

११. परीक्षा दस्तुर : रु.६००। (छ सय) ।

१२. दरखास्त फारम भर्ने अन्तिम मिति : २०७८।०७।०९ गते सम्म ।

१३. परीक्षा दस्तुर बुझाउने प्रकृया : दुहवी नगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार दुहवी नगरपालिकालाई हुनेछ।

१५. स्थायी पदपुर्ति भइ आएमा यस विज्ञापन वाट लिएका करार सेवाको पद स्वात समाप्त हुनेछ।

१६.रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ।

१७ स्थानीय वासीलाई विशेष प्राथमिकता दिइने छ।

१८) आवेदनको ढाँचा र कार्य विवरण र अन्य जानकारीको लागि दुहवी नगरपालिकाको मो.नं. ०२५५४१०३० ,९८५२०३०५०२ मा सम्पर्क गर्नु हुन ।

**नि.प्रमुख प्र. अधिकृत**